## जिल्ला अनुगमन तथा समन्वय समिति, काठमाडौं र विभिन्न नगरपालिकाका पदाधिकारीहरु विच वसेको प्राकृतिक स्रोतको अनुगमन सम्वन्धी संयुक्त वैठकका निर्णयहरु

## क) तारकेश्वर नगरपालिका : मिति २०७५/०९/२३ गते

१. जिल्ला अनुगमन तथा समन्वय समितिका पदाधिकारीहरु, जि.स.स.का पदाधिकारी तथा कर्मचारीहरु र तारकेश्वर नगरपालिकाका प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत र अन्य कर्मचारीहरुको उपस्थितिमा बसेको बैठकमा तारकेश्वर नगरपालिका क्षेत्रमा भैरहेको प्राकृतिक स्रोतको समुचित उपयोगको सम्बन्धमा छलफल भयो । यस बैठकमा तारकेश्वर नगरपालिकाबाट भएको ठेक्का व्यवस्थापन र त्यस क्षेत्रमा रहेका वासिङ्ग उद्योगहरुको विवरण र अन्य सम्बद्ध विषयवस्तुहरुको जानकारी भयो ।

२. नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७५/०६/२८ मा पारित भएको जिल्ला अनुगमन तथा समन्वय समितिको गठन र कार्यादेश, प्रदेश नं. ३ को उद्योग, वन वातावरण तथा पर्यटन मन्त्रालयबाट तयार भै पारित प्रदेश सरकार मन्त्रिपरिषद्बाट मिति २०७५/०७/३० मा स्वीकृत भएको नदीजन्य पदार्थ ( संकलन र उपयोग) कार्यविधि-२०७५ र जिल्ला अनुगमन तथा समन्वय समितिको मिति २०७५/०९/१८ मा बसेको बैठबाट पारित भएको नदी तथा खानीजन्य निर्माण सामग्रीको उत्खनन्, संकलन र व्यवस्थापनको अनुगमन सम्बन्धी कार्यविधि– २०७५ नगरपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृतलाई उपलव्ध गराई यस कार्यविधिमा भएमा मुख्य मुख्य विषयहरुको जानकारी गराउने कार्य भयो ।

३. तारकेश्वर नगरपालिका क्षेत्रमा स्थलगत अनुगमन गर्दा देहायका ३ वटा वालुवा प्रशोधन (वासिङ्ग) उद्योगहरु स्वीकृती लिई संचालनमा रहेको पाइयो ।
१) थलेश्वर वालुवा प्रशोधन उद्योग प्रा.लि.
२) सङलो वालुवा प्रशोधन उद्योग प्रा.लि.
३) चुनीदेवी वालुवा प्रशोधन उद्योग प्रा.लि.

ती वासिङ्ग उद्योगहरुले ल्याउने कच्चा पदार्थ त्यस क्षेत्रका विभिन्न निजी जग्गा रहेको पाइयो । भरपर्दो र दिगो स्रोतको हालसम्म एकिन नभएको अवस्था रहेको, कच्चा पदार्थ ल्याउने स्थानको IEE प्रतिवेदन स्विकृतीको लागि खानी तथा भूगर्व विभागमा पेश भई स्वीकृतीको प्रकृयामा रहेको व्यहोरा उद्योगीले जानकारी गराएको ।

उद्योग र यस वरिपरिको वातावरणीय अवस्था सामान्य रहेको भएतापनि उद्योगको लागि चाहिने कच्चा पदार्थको मुख्य स्रोत निजी जग्गा रहेको हुंदा जथाभावी वालुवा तथा माटो उत्खनन हुन सक्ने र जसका कारण भूसंरक्षण र भूस्खलनमा असर पुर्‍याउने अवस्थाको सिर्जना हुने स्थिति देखिन्छ । त्यस्ता क्रियाकलापहरुलाई उचित ढंगबाट नियन्त्रण र व्यवस्थापन गर्न नसक्दा वातावरणीय सन्तुलन विग्रन गई जमिन भासिने तथा वस्तीमा पहिरो जाने जस्ता विपदजन्य अवस्थाको सिर्जना हुने देखिएकोले देहायका व्यवस्थालाई अविलम्व परिपालना गर्न उद्योग संचालकलाई निर्देशन दिने ।

(क) कच्चा पदार्थ ल्याउने स्रोतको तत्काल IEE प्रतिवेदन स्विकृत गराई कार्य गर्ने ।

(ख) उद्योगबाट निस्कने धमिलो पानी प्रशोधनको लागि चाहिने कम्तीमा ३ चरणको पानी शुद्धिकरण गर्ने पोखरीलाई अझ व्यवस्थित गर्ने ।

(ग) उद्योगबाट निस्कने लेदो माटो र धमिलो पानी नजिकको खोला खहरेमो जान नदिने तर्फ पर्याप्त ध्यान दिने ।

(घ) उद्योग संचालन गर्दा उद्योग वरिपरिको समग्र वातावरणमा असर नपर्ने गरी कार्य गर्ने ।

(ङ) संभाव्य रुपमा हुने सक्ने भूस्खलनलाई नियन्त्रण गर्न न्यूनीकरणका उपायहरु अवलम्वन गर्ने ।

४. तारकेश्वर नगरपालिका क्षेत्रमा ३ वटा उल्लेखित वासिङ्ग उद्योग बाहेक देहायका स्थानहरुमा निजी जग्गामा फिरफिरे राखी जथाभावी वालुवा धुने कार्य भए गरेको पाईयो । त्यस्तो कार्य गर्नेहरुले कुनै पनि निकायबाट स्वीकृती नलिएको हुंदा त्यस्तो कार्य गैरकानूनी रहेको । त्यस्ता कार्य गर्ने तपसिलका व्यक्तिहरुले संचालन गरेको फिरफिरे नियन्त्रणमा लिई संचालनमा तत्काल रोक लगाउन महानगरीय प्रहरी परिसर र तारकेश्वर नगरपालिकामा लेखि पठाउने र यसरी अवैध रुपमा संचालनमा रहेका वासिङ्ग, फिरफिरे जस्ता क्रियाकलापहरु वन्द गरे/नगरेको सम्वन्धमा नियमित रुपमा नगरस्तरीय अनुगमन तथा मूल्यांकन समितिबाट निरीक्षण गरी जिल्ला अनुगमन तथा समन्वय समितिमा प्रतिवेदन गर्ने ।

**गैरकानूनी रुपमा फिरफिरेहरु संचालनमा रहेका स्थान र त्यस्का संचालकहरु**

(क) स्थान : तारकेश्वर नगरपालिका वडा नं. १, जिम्वाल डांडा,
संचालक : वलराम तिमिल्सिना र कुमार प्रसाद तिमिल्सिना

(ख) स्थान : तारकेश्वर नगरपालिका वडा नं. २, कालीदेवी मा.वि.का ठीक पछाडि शान्तिधाम मुनि
संचालक : प्रकट, वटु अधिकारी लगायत विभिन्न व्यक्तिहरु

(ग) स्थान : तारकेश्वर नगरपालिका वडा नं. , फुयाल गाउं
संचालक : नाम नखुलेको ।

## ख) शंखरापुर नगरपालिका : मिति २०७५/०९/२५

१. जिल्ला अनुगमन तथा समन्वय समितिका पदाधिकारीहरु, जि.स.स. का पदाधिकारी तथा कर्मचारीहरु र शंखरापुर नगरपालिकाका प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकिय अधिकृत र अन्य कर्मचारीहरुको उपस्थितिमा बसेको यस बैठकमा शंखरापुर नगरपालिका क्षेत्रमा भैरहेको प्राकृतिक स्रोतको समुचित उपयोगको सम्बन्धमा छलफल भयो । यस बैठकमा शंखरापुर नगरपालिकाबाट भएको ठेक्का व्यवस्थापन र त्यस क्षेत्रमा रहेका वासिङ उद्योगहरुको विवरण र अन्य विभिन्न विषयवस्तुहरुको जानकारी भयो ।

२. नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७५/०६/२८ मा पारित भएको जिल्ला अनुगमन तथा समन्वय समितिको गठन र कार्यादेश, प्रदेश नं. ३ को उद्योग, वन वातावरण तथा पर्यटन मन्त्रालयबाट तयार भै पारित प्रदेश सरकार मन्त्रिपरिषद्बाट मिति २०७५/०७/३० मा स्वीकृत भएको नदीजन्य पदार्थ (

संकलन र उपयोग) कार्यविधि-२०७५ र जिल्ला अनुगमन तथा समन्वय समितिको मिति २०७५/०९/१८ मा बसेको बैठबाट पारित भएको नदी तथा खानीजन्य निर्माण सामग्रीको उत्खनन्, संकलन र व्यवस्थापनको अनुगमन सम्बन्धी कार्यविधि– २०७५ नगरपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृतलाई उपलव्ध गराई यस कार्यविधिमा भएमा मुख्य मुख्य विषयहरुको जानकारी गराउने कार्य भयो ।

३. शंखरापुर नगरपालिका क्षेत्रमा स्विकृती लिई देहायका ८ वटा वालुवा प्रशोधन (वासिङ) उद्योगहरु संचालनमा रहेको विवरण प्राप्त भयो ।

४. स्थलगत अनुगमनको क्रममा शंखरापुरन नगरपालिका क्षेत्रमा देहायका खानी तथा वासिङ्ग उद्योगहरु संचालनमा रहेको पाइयो ।

**(१) खानीको नाम : सुरज वालुवा उत्खनन तथा प्रशोधन**

दर्ता नं. र मिति : १८७०४८/०७४/७५ (कम्पनी रजिष्टर्डको कार्यालय)

खानी तथा भूगर्भ विभागबाट स्वीकृत प्राप्त मिति : २०७४/०९/३०

शंखरापुर नगरपालिकाबाट अनुमति प्राप्त मिति : २०७४/११/१३

खानीको किसिम : साधारण निर्माणमुखी वालुवा खानी

ठेगाना : शंखरापुर न.पा. वडा नं. ८

संचालक : सुरज खड्का

खानी स्वीकृत अवधि : २०७४/०९/३० देखि १५ वर्ष सम्म

**(२) खानीको नाम : निर्माण माइनिङ एण्ड मिनरल्स इन्डष्ट्रिज प्रा.लि.**

दर्ता नं. र मिति : १५२१९७/०७३/७४ (कम्पनी रजिष्टर्डको कार्यालय)

खानी तथा भूगर्भ विभागबाट स्वीकृत प्राप्त मिति : २०७५/०१/१९

शंखरापुर नगरपालिकाबाट अनुमती प्राप्त मिति : २०७४/०२/१०

खानीको किसिम : साधारण निर्माणमुखी वालुवा खानी

ठेगाना शंखरापुर न.पा. वडा नं. ७ र ८

संचालक : लक्ष्मण चौलागाई (अध्यक्ष)

खानी स्वीकृत अवधि : २०७५ साल देखि १५ वर्ष सम्म

**<u>वासिङ उद्योगहरुको विवरणः</u>**

**(१) उद्योगको नाम : मिन ट्रेडिङ कम्पनी प्रा.लि.**

दर्ता नं. ७६१४५/०६७/६८ (कम्पनी रजिष्टर्डको कार्यालय)

दर्ता नं. १३८२८/९ मिति २०७२/०४/१५ (घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं)

उद्योग रहेको स्थान : शंखरापुर न.पा. वडा नं. ६

उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ ल्याउने मुख्य स्रोत :

व्यक्तिगत घडेरी सम्याउंदा निस्कने माटो (IEE नभएको) तथा ल्याउने गरेको क्षेत्रबाट तथा एकिकृत वस्ती निर्माण गरीने स्थान सम्याउंदा निस्कने माटो (IEE नभएको) आदी क्षेत्र ।

**(२) उद्योगको नाम : सलम्बुदेवी वालुवा प्रशोधन उद्योग**

दर्ता नं. १२९८०९/०७१/७२ (कम्पनी रजिष्टर्डको कार्यालय)

दर्ता नं. १३८७६/५७ मिति २०७२/०५/०१ (घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं)

उद्योग रहेको स्थान : शंखरापुर न.पा. वडा नं. ९

उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ ल्याउने मुख्य स्रोत : व्यक्तिगत घडेरी सम्याउंदा निस्कने माटो (IEE नभएको) तथा एकिकृत वस्ती निर्माण गरीने स्थान सम्याउंदा निस्कने माटो (IEE नभएको) आदी क्षेत्र ।

**(३) उद्योगको नाम : युनियन वालुवा प्रशोधन प्रा.लि.**

दर्ता नं. ११२२५०/०६९/७० (कम्पनी रजिष्टर्डको कार्यालय)

दर्ता नं. १४०२६/२०७ मिति २०७२/०६/२२ (घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं)

उद्योग रहेको स्थान : शंखरापुर न.पा. वडा नं. ७

उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ ल्याउने मुख्य स्रोत :

व्यक्तिगत घडेरी सम्याउंदा निस्कने माटो (IEE नभएको) तथा एकिकृत वस्ती निर्माण गरीने स्थान सम्याउंदा निस्कने माटो (IEE नभएको) आदी क्षेत्र ।

**(४) उद्योगको नाम : निर्माण माइनिङ एण्ड मिनरल्स इन्डष्ट्रिज प्रा.लि.**

दर्ता नं. १५२१९७/०७३/७४ (कम्पनी रजिष्टर्डको कार्यालय)

दर्ता नं. १४८२४/२५८ (घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं)

उद्योग रहेको स्थान : शंखरापुर न.पा. वडा नं. ७

उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ ल्याउने मुख्य स्रोत : व्यक्तिगत घडेरी सम्याउंदा निस्कने माटो (IEE नभएको) तथा वडा नं. ७ र ८ को स्वीकृत खानी (IEE भएको) क्षेत्रबाट तथा एकिकृत वस्ती निर्माण गरीने स्थान सम्याउंदा निस्कने माटो (IEE नभएको) आदी क्षेत्र ।

**(५) उद्योगको नाम : बज्रयोगिनी वालुवा प्रशोधन उद्योग**

(**यस अघि अनुगमन समितिबाट मापदण्ड नपुगेको भनी** बन्द गरिएको)

दर्ता नं. १५९५७२/०७३/७४ (कम्पनी रजिष्टर्डको कार्यालय)

दर्ता नं. १५०६९/६०५ मिति २०७३/१०/२१ (घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं)

उद्योग रहेको स्थान : शंखरापुर न.पा. वडा नं. ६

उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ ल्याउने मुख्य स्रोत :

व्यक्तिगत घडेरी सम्याउंदा निस्कने माटो (IEE नभएको) तथा तथा एकिकृत वस्ती निर्माण गरीने स्थान सम्याउंदा निस्कने माटो (IEE नभएको) आदी क्षेत्र ।

**(६) उद्योगको नाम : रामका वालुवा प्रशोधन उद्योग**

दर्ता नं. १६३७०५/०७३/७४ (कम्पनी रजिष्टर्डको कार्यालय)

दर्ता नं. १५१७७/७११ मिति २०७३/१२/०१ (घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं)

उद्योग रहेको स्थान : शंखरापुर न.पा. वडा नं. ९

उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ ल्याउने मुख्य स्रोत :

व्यक्तिगत घडेरी सम्याउंदा निस्कने माटो (IEE नभएको) तथा क्षेत्रबाट तथा एकिकृत वस्ती निर्माण गरीने स्थान सम्याउंदा निस्कने माटो (IEE नभएको) आदी क्षेत्र ।

**(७) उद्योगको नाम : दक्षिणकाली देवी वालुवा खानी तथा प्रशोधन उद्योग**

दर्ता नं. १५३१५७/०७३/७४ (कम्पनी रजिष्टर्डको कार्यालय)

दर्ता नं. ८/८ मिति २०७४/०५/२३ (घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं)

उद्योग रहेको स्थान : शंखरापुर न.पा. वडा नं. ६

उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ ल्याउने मुख्य स्रोत :

व्यक्तिगत घडेरी सम्याउंदा निस्कने माटो (IEE नभएको) तथा एकिकृत वस्ती निर्माण गरीने स्थान सम्याउंदा निस्कने माटो (IEE नभएको) आदी क्षेत्र ।

**(८) उद्योगको नाम : सेती देवी वालुवा खानी तथा प्रशोधन उद्योग**

दर्ता नं. १८०२०४/०७४/७५ (कम्पनी रजिष्टर्डको कार्यालय)
दर्ता नं. ४९ मिति २०७५/०३/२१ (घरेलु तथा साना उद्योग कार्यालय काठमाडौं)
उद्योग रहेको स्थान : शंखरापुर न.पा. वडा नं. ९
उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ ल्याउने मुख्य स्रोत :

व्यक्तिगत घडेरी सम्याउंदा निस्कने माटो (IEE नभएको) तथा एकिकृत वस्ती निर्माण गरीने स्थान सम्याउंदा निस्कने माटो (IEE नभएको) आदी क्षेत्र ।

यस नगरपालिका क्षेत्रमा रहेका ८ वटा वासिङ उद्योगहरुको कच्चा पदार्थको स्रोतको रुपमा मुख्य गरी निजी जग्गा व्यवस्थापन गर्दा निश्केको माटो वालुवा रहेको देखिन्छ । २ वटा खानी उद्योगले नियमानुसार IEE प्रतिवेदन स्वीकृत गराई खानी संचालनको इजाजतपत्र लिएको देखिन्छ । वडा नं. ७ र ८ मा संचालित खानी उद्योगबाट कच्चा पदार्थ ल्याउने गरेको भनिएता पनि ८ वटा प्रशोधन उद्योगलाई २ वटा खानीले कच्चा पदार्थको माग धान्न सक्ने अवस्था देखिंदैन ।

निजी जग्गा व्यवस्थापनको नाममा जथाभावी प्राकृतिक स्रोत (ढुंगा, गिट्टी वालुवा) को दोहन हुने गरेको जनगुनासो समेत आएको अवस्थामा स्रोत नखुलेको वासिङ्ग तथा क्रसर उद्योगको हकमा देहायको व्यवस्था गर्ने ।

१. त्यस क्षेत्रमा खानी विभागबाट स्वीकृती लिई संचालनमा रहेका २ वटा खानी उद्योगले उत्खनन गर्ने परिमाण वमोजिमको कच्चा पदार्थ (Raw Material) प्रयोग गर्ने वासिङ्ग/क्रसर उद्योगहरुले के कति परिमाणमा सो उद्योगबाट निस्कने कच्चा पदार्थ प्राप्त गर्ने हो ? सो अनुसार खानी संचालकसंग द्विपक्षिय सम्झौता गर्नुपर्ने ।
२. अन्य कच्चा पदार्थको स्रोत नखुलेको/वासिङ्ग उद्योगहरुले स्रोतको पहिचान एकिन गरी IEE समेत गर्ने, तोकिएको कच्चा पदार्थको सुनिश्चिता गर्न सम्वन्धित उद्योगलाई समयसीमा निर्धारण गरी सो को जानकारी गराउने ।
३. तोकिएको म्याद भित्र स्रोतको एकिन गर्न नसक्ने र IEE नगरी जथाभावी अनियन्त्रित रुपमा कच्चा पदार्थको उत्खनन तथा दोहन गरी संचालन गरिएका वासिङ्ग, खानी तथा क्रसर उद्योगलाई कानून वमोजिम आवश्यक कारवाही गर्ने ।

**ग) गोकर्णेश्वर नगरपालिका : मिति २०७५/१०/०७**

१. गोकर्णेश्वर नगरपालिका क्षेत्रमा नदीजन्य, ढुंगा, गिटी, वालुवा तथा खानीजन्य पदार्थको उत्खनन् संकलन र बिक्री सम्बन्धि कार्यको विषयमा छलफल गर्न जिल्ला अनुगमन तथा समन्वय समितिका संयोजक एवं जि.स.स. प्रमुख, उप प्रमुख, प्रमुख जिल्ला अधिकारी, गोकर्णेशवर नगरपालिकाका प्रमुख, उप प्रमुख र कर्मचारीहरुको उपस्थितिमा जिल्ला अनुगमन तथा समन्वय समितिको वैठक नगरपालिकामा वसी स्थानीय प्राकृतिक स्रोत नदीजन्य तथा खानी जन्य निर्माण सामाग्रीहरु (ढुंगा, गिट्टी, वालुवा) को उत्खनन, संकलन तथा बिक्री वितरण र ओसार पसारको विषयमा विस्तृत छलफल गरियो ।
२. गोकर्णेवर न.पा. प्रमुखबाट नगरपालिकाबाट भएको निर्माण सामाग्रीहरु (ढुंगा, गिटी, वालुवा) को ठेक्का बन्दोवस्त, उत्खनन, संकलनको र बिक्री वितरणको अवस्था समेतका वारेमा जानकारी गराउनु भयो ।
३. नगर क्षेत्र भित्र हुने नदीजन्य तथा खानीजन्य ढुंगा, गिटी, वालुवाको उत्खनन, संकलन, बिक्री वितरणको प्रकृया तथा ओसारपसारको स्थिति, ठेक्का तथा उद्योग संचालनमा तोकिएका शर्तहरुको परिपालना, उत्खनन, परिमाणको नियन्त्रण, राजश्व चुहावट र चोरी नियन्त्रण जस्ता कार्यको नगरस्तरीय अनुगमन समितिबाट नियमित अनुगमन गरी जिल्ला अनुगमन तथा समन्वय समितिमा प्रतिवेदन पेश गर्ने ।
४. गोकर्णेश्वर न.पा क्षेत्रको जिल्ला अनुगमन तथा समन्वय समितिबाट स्थलगत अनुगमन गर्दा निम्न वमोजिमको अवस्था पाइयो ।

**<u>यस नगरपालिका क्षेत्रमा निम्नानुसारका २ वटा वासिङ्ग उद्योगहरु संचालनमा रहेको,</u>**

**(१) जय सुन्दरीमाई वालुवा प्रशोधन उद्योग गोकर्णेश्वर न.पा. वडा नं. १ सुन्दरीजल**

संचालकहरु शालिकराम घिमिरे, मिठाराम दाहाल, राजिव दाहाल, विशु चापागाई

क. घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको (दर्ता नं. १६४ र मिति २०७५/०२/१४)
ख. उद्योग र वरिपरिपरिको वातावरणीय अवस्था सामान्य नै रहेको ।
ग. पानी प्रशोधनको लागि आवश्यक पर्ने प्रशोधन पोखरीहरु संचालनमा रहेको र धमिलो पानी र लेदो माटो बगेर बाहिर जान नदिन सामान्य प्रवन्ध गरेको ।
घ. कच्चा पदार्थको स्रोत त्यस स्थानको निजी जग्गा रहेको भनी संचालकहरुबाट जानकारी गराएको ।
ङ. कच्चा पदार्थको स्रोतको क्षेत्र एकिन नभएको र सो को IEE स्वीकृत नगराएको ।
च. संचालित उद्योगको वरिपरि आवश्यक घेरा वेराको प्रवन्ध नगरिएको ।

**(२) सुन्ताखान वालुवा प्रशोधन उद्योग प्रा.लि. गोकर्णेश्वर न.पा. वडा नं. ३**

संचालकहरु राजकुमार श्रेष्ठ, श्रीकृष्ण श्रेष्ठ, प्रेम श्रेष्ठ, सानुकाजी श्रेष्ठ, उमेश विष्ट, विनय अमात्य, इन्द्र श्रेष्ठ, श्यामकृष्ण श्रेष्ठ, रोमिल श्रेष्ठ, शुभ श्रेष्ठ

क. घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएको (दर्ता नं. १६४ र मिति २०७५/०२/१४)
ख. उद्योग र वरिपरिपरिको वातावरणीय प्रभावको वारेमा स्थानीयहरुको गुनासो खासै नरहेको ।
ग. पानी प्रशोधनको लागि आवश्यक पर्ने प्रशोधन पोखरीहरु संचालनमा रहेको र धमिलो पानी र लेदो माटो बगेर बाहिर जान नदिन सामान्य प्रवन्ध गरेको ।
घ. कच्चा पदार्थको स्रोतको क्षेत्र एकिन नभएको र सो को IEE स्वीकृत नगराएको ।
ङ. संचालित उद्योगको वरिपरि आवश्यक घेरा वेराको प्रवन्ध नगरिएको ।

५. **उद्योग संचालकहरुलाई देहायका विवरणहरु माग गरी निम्न वमोजिमका सुझावहरु तत्काल कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।**

- सम्वन्धित निकायबाट उद्योग स्वीकृतीको प्रमाण पत्र,
- नगरपालिकाको अनुमति पत्र र व्यवसाय दर्ता प्रमाणपत्र,
- उद्योग संचालनको लागि आवश्यक पर्ने कच्चा पदार्थ उत्खनन, संकलनको स्रोत, क्षेत्र र परिमाण,
- ढुंगा, गिटी, वालुवा र माटो जस्ता पदार्थ उत्खनन र बिक्री वितरण गर्न वातावरणीय अध्ययन प्रतिवेदन (IEE) ले स्वीकृत गरेको स्थान र क्षेत्र,
- सार्वजनिक तथा निजी जग्गाबाट उत्खनन गरी ढुंगा, गिटी, वालुवा र माटोजन्य पदार्थ निकाल्नको लागि सम्बन्धित निकायबाट निर्णय भै अनुमती प्रदान गरिएको पत्र, क्षेत्र र परिमाण ।
- विभिन्न प्रकृतिका भौतिक पूर्वाधार, सडक, पुल, तथा अन्य संरचनाहरु निर्माण गर्ने क्रममा उत्खनन तथा संकलन हुने भए सो को क्षेत्र र परिमाण ।
- उद्योग संचालन गरेको स्थानमा उद्योगको नाम र दर्ता नं. सहितको वोर्ड राख्ने ।
- उद्योगको वरिपरि पूर्ण रुपमा घेरा वेराको व्यवस्थागर्ने ।

- ➢ पानी प्रशोधनको लागि आवश्यक पर्ने प्रशोधन पोखरीहरु संचालनमा रहेको र धमिलो पानी र लेदो माटो बगेर बाहिर जान नदिन उचित प्रवन्ध गर्ने ।
- ➢ कच्चा पदार्थको स्रोतको एकिन गरी सो क्षेत्रको IEE अनिवार्य स्वीकृत गराउने ।

६. गोकर्णेश्वर नगरपालिका वडा नं. १ मा मेलम्ची खानेपानी आयोजनाको सुरुङ्गको प्रवेश विन्दु नजिकैको स्थानमा सुनिल तामाङ्ग लगायत केही व्यक्तिहरुले त्यस स्थानमा रहेको खोलामा माटो वालुवा हाली अवैध रुपमा वालुवा धुने पखाल्ने कार्य गरेको पाइएको, सो कार्य कानून सम्मत नरहेको, त्यस्तो कार्यले गर्दा खोला धमिलो भै जलचर लगायत अन्य समग्र वातावरणमा प्रतिकूल असर परेको देखिएकोले निजले गरि आएको त्यस्तो गैरकानूनी कार्यलाई तत्काल रोक लगाउनु पर्ने भएकोले महानगरीय प्रहरी परिसर काठमाडौं र गोकर्णेश्वर नगरपालिकालाई लेखी पठाउने एवं सो कार्यको अनुगमन जिल्ला अनुगमन तथा समन्वय समिति र जिल्ला प्रशासन कार्यालयले गर्ने निर्णय गरियो ।

## घ) कागेश्वरी मनोहरा नगरपालिका : मिति २०७५/१०/१८

१. कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रमा नदीजन्य, ढुंगा, गिटी, वालुवा तथा खानीजन्य पदार्थको उत्खनन् संकलन र बिक्री सम्बन्धि कार्यको विषयमा छलफल गर्न जिल्ला अनुगमन तथा समन्वय समितिका संयोजक एवं जि.स.स. प्रमुख, उप प्रमुख, प्रमुख जिल्ला अधिकारी, कागेश्वरी मनोहरा नगरपालिकाका प्रमुख, उप प्रमुख र कर्मचारीहरुको उपस्थितिमा जिल्ला अनुगमन तथा समन्वय समितिको वैठक नगरपालिकामा वसी स्थानीय प्राकृतिक स्रोत नदीजन्य तथा खानी जन्य निर्माण सामाग्रीहरु (ढुंगा, गिट्टी, वालुवा) को उत्खनन, संकलन तथा बिक्री वितरण र ओसार पसारको विषयमा विस्तृत छलफल गरियो ।

२. नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७५/०६/२८ मा पारित भएको जिल्ला अनुगमन तथा समन्वय समितिको गठन र कार्यादेश, प्रदेश नं. ३ को उद्योग, वन वातावरण तथा पर्यटन मन्त्रालयबाट तयार भै पारित प्रदेश सरकार मन्त्रिपरिषद्बाट मिति २०७५/०७/३० मा स्वीकृत भएको नदीजन्य पदार्थ ( संकलन र उपयोग) कार्यविधि-२०७५ र जिल्ला अनुगमन तथा समन्वय समितिको मिति २०७५/०९/१८ मा बसेको बैठबाट पारित भएको नदी तथा खानीजन्य निर्माण सामग्रीको उत्खनन्, संकलन र व्यवस्थापनको अनुगमन सम्बन्धी कार्यविधि– २०७५ नगरपालिका प्रमुख र प्रमुख प्रशासकिय अधिकृतलाई उपलव्ध गराई यस कार्यविधिमा भएमा मुख्य मुख्य विषयहरुको जानकारी गराउने कार्य भयो ।

३. कागेश्वरी मनोहरा न.पा. का प्रमुख र प्रमुख प्रशासकिय अधिकृतबाट नगरपालिकाबाट भएको निर्माण सामाग्रीहरुको (ढुंगा, गिटी, वालुवा) को ठेक्का बन्दोवस्तको उत्खनन, संकलनको र बिक्री वितरणको अवस्थाको समेतका वारेमा जानकारी गराउनु भयो ।

४. नगर क्षेत्रमा हुने नदीजन्य ढुंगा, गिटी, वालुवाको उत्खनन, संकलन, बिक्री वितरणको प्रकृया बारेमा नगरस्तरीय अनुगमन समितिबाट नियमित अनुगमन गरी संकलन, उत्खनन तथा ओसार पसारको स्थितिको बारेमा अध्ययन गर्न तोकिएका शर्तहरुको परिपालना, उत्खनन परिमाणको नियन्त्रण, राजश्व

चुहावट र चोरी नियन्त्रण जस्ता कार्यको अनुगमन गरी जिल्ला अनुगमन तथा समन्वय समितिमा जानकारी गराउने साथै त्यस्ता कार्यहरुको नियन्त्रणको लागि आवश्यक कार्यहरु गर्ने ।

५. कागेश्वरी मनोहरा नगरपालिकामा निजी जग्गा व्यवस्थापन गर्ने र सो क्रममा निस्कने माटो बालुवा निकासी गर्ने कार्यको लागि स्वीकृती माग गरी २१ वटा निवेदनहरु परेको तर हालसम्म १ जनालाई स्वीकृती दिएको अवस्था रहेको । त्यसरी निजी जग्गाबाट वालुवा तथा माटो उत्खनन र संकलन गर्ने सन्दर्भमा प्रदेश सरकारबाट आवश्यक ऐन, नियम र निर्देशिका प्राप्त भई नसकेकोले हाललाई निजी जग्गा व्यवस्थापनको लागि स्वीकृती दिन सकिने अवस्था नरहेको । निजी जग्गाको व्यवस्थापन गर्ने र त्यसबाट निस्कने माटो तथा वालुवाको उत्खनन तथा विक्री वितरणको सम्वन्धमा स्पष्ट कार्यविधि र प्रक्रिया उल्लेख नभएको हुँदा त्यस्तो जग्गाको व्यवस्थापनको विषयमा वातावरणीय प्रभाव मूल्यांकन समेतलाई मध्यनजर गरी स्वीकृती दिनुपर्ने देखिंदा सो सम्वन्धमा स्पष्ट कार्यविधि र प्रक्रियाको लागि प्रदेश मन्त्रालयमा लेखी पठाउने ।

६. कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ७ विष्ट गाउं स्थित पुरुषोत्तम विष्ट समेत ११ जनाको जग्गा व्यवस्थापन गर्न गाकर्णेश्वर नगरपालिका वडा नं. ६ का नारायण कुमार पुडासैनीलाई मिति २०७५/०८/२५ कार्यपालिकाको निर्णयानुसार स्विकृती दिएकोमा नगरपालिकाले स्विकृती दिंदा तोकिएका शर्तहरु बमोजिम जग्गा व्यवस्थापनको कार्य नगरेको फिल्ड अवलोकनबाट देखिएकोले निजले गरिरहेको कार्यबाट वातावरणमा प्रतिकुल प्रभाव पर्ने र पहिरो तथा भूक्षय हुने अवस्था सिर्जना भएको साथै सांध संधियारहरुको घर जग्गा जोखिम पूर्ण स्थितिमा रहने देखिएको र वर्षायाममा थप क्षति हुनसक्ने अवस्था विद्यमान देखिएको छ ।

यस अघि मिति २०७५/०९/३० मा सहायक प्रमुख जिल्ला अधिकारी श्री वासुदेव घिमिरे संयोजकत्वको अनुगमन उपसमितिले संचालनमा रोक लगाउन गरेको सिफारिस वमोजिम नै सो स्थानमा वालुवा खन्ने र निकासी गर्ने कार्य अर्को आदेश वा निर्देशन नभएसम्म रोक लगाउने निर्णय गरियो । यस निर्णयको जानकारी कागेश्वरी मनोहरा नगरपालिका र कांडाघारी प्रहरी प्रभागलाई पठाउने । साथै निजले तोकिएको शर्तहरु वमोजिम कार्य नगरेको हुँदा निजले गरेको कार्यले ढिस्को भत्किई घर तथा वस्तीलाई क्षति पुर्‍याउने र आसपासको वस्ती उच्च जोखिमयुक्त अवस्थामा रहने हुँदा सो कार्य गर्न रोक लगाई संभाव्य जोखिम न्यूनीकरणका लागि टेवा पर्खाल लगायत जग्गा संरक्षणको अन्य कार्य नगरपालिकाबाट सम्वन्धित व्यक्तिमार्फत तत्काल गर्न लगाउने र निजले गरेको कार्यबाट भविष्यमा हुनसक्ने संभाव्य क्षति एवं नोक्सानीको दायित्व पनि सम्वन्धित व्यक्ति वा पक्षलाई नै वहन गर्न लगाउने ।

७. कागेश्वरी मनोहरा नगरपालिका वडा नं. १ ठूला ढीकमा नविन कोईराला लगायतका व्यक्तिहरुले कुनै पनि निकायको स्वीकृती नलिई एक्साभेटर प्रयोग गरी ठूलो मात्रामा माटो वालुवा उत्खनन गरी डाँडो खन्ने कार्य गरिरहेको पाइएकोले निजलाई सो कार्य तत्काल वन्द गर्न निर्देशन दिईयो । यस किसिमबाट स्वीकृती नलिई निजी जग्गा व्यवस्थापनको नाममा जथाभावी खन्ने कार्य नियन्त्रण गर्न नगरपालिका र सम्वद्ध प्रहरी इकाई (महानगरी प्रहरी प्रभाग कांडाघारी र सांखु) लाई लेखी पठाउने निर्णय गरियो ।

**८. त्यस क्षेत्रमा रहेको वासिङ्ग उद्योग संचालकहरुलाई देहायका विवरणहरु माग गरी निम्न वमोजिमका सुझावहरु तत्काल कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।**

- सम्वन्धित निकायबाट उद्योग स्वीकृतीको प्रमाण पत्र,
- नगरपालिकाको अनुमति पत्र र व्यवसाय दर्ता प्रमाणपत्र,
- उद्योग संचालनको लागि आवश्यक पर्ने कच्चा पदार्थ उत्खनन, संकलनको स्रोत, क्षेत्र र परिमाण,
- ढुंगा, गिटी, वालुवा र माटो जस्ता पदार्थ उत्खनन र बिक्री वितरण गर्न वातावरणीय अध्ययन प्रतिवेदन (IEE) ले स्वीकृत गरेको स्थान र क्षेत्र,
- सार्वजनिक तथा निजी जग्गाबाट उत्खनन गरी ढुंगा, गिटी, वालुवा र माटोजन्य पदार्थ निकाल्नको लागि सम्बन्धित निकायबाट निर्णय भै अनुमती प्रदान गरिएको पत्र, क्षेत्र र परिमाण ।
- विभिन्न प्रकृतिका भौतिक पूर्वाधार, सडक, पुल, तथा अन्य संरचनाहरु निर्माण गर्ने क्रममा उत्खनन तथा संकलन हुने भए सो को क्षेत्र र परिमाण ।
- उद्योग संचालन गरेको स्थानमा उद्योगको नाम र दर्ता नं. सहितको वोर्ड राख्ने ।
- उद्योगको वरिपरि पूर्ण रुपमा घेरा वेराको व्यवस्थागर्ने ।
- पानी प्रशोधनको लागि आवश्यक पर्ने प्रशोधन पोखरीहरु संचालनमा रहेको र धमिलो पानी र लेदो माटो बगेर बाहिर जान नदिन उचित प्रवन्ध गर्ने ।
- कच्चा पदार्थको स्रोतको एकिन गरी सो क्षेत्रको IEE अनिवार्य स्वीकृत गराउने ।